# रेडको अन्तर्राष्ट्रिय नीति तथा कानुन

■ दिलराज खनाल*

## पृष्ठभूमि

विश्वव्यापी उष्णताका कारण हुन गएको जलवायु परिवर्तनका प्रभावहरु विगत धेरै वर्षदेखि स्पष्ट रुपमा देखिँदै आएका छन् । वैज्ञानिकहरु के विश्वास गर्दछन् भने जलवायु परिवर्तनका कारण विश्वव्यापी रुपमा र खासगरी विकासोन्मुख मुलुकहरुमा गम्भीर जोखिमहरु सिर्जना भएका छन् र हरितगृह ग्यासको उत्सर्जनलाई कटौती गर्दै स्थिर राख्न सकिएन भने भविष्यमा झनै सङ्कट र खतराहरु निम्तिने छन् (UNFCCC, 2009) ।

***हरितगृह ग्यास भनेको के हो ?***

हरितगृह ग्यास भन्नाले (Green House Gases-GHG) वायुमण्डलमा जम्मा भएका त्यस्ता ग्यासहरुको समूह हो- जो विश्वव्यापी तापक्रम/उष्णताको बृद्धि र जलवायु परिवर्तनका लागि जिम्मेवार छ । क्योटो प्रोटोकल (सन १९९७) को अनुसूची १ अनुसार हरितगृह ग्यास अन्तर्गत कार्बन डाइअक्साइड ($CO_2$), मिथेन($CH_4$), नाइट्रसअक्साइड ($N_2O$), हाइड्रोफ्लोरोकार्बन (HFCs), परफ्लोरोकार्बन (PFCs), सल्फर हेक्जाफ्लोराइड($SF_6$) गरी ६ किसिमका ग्यासहरु पर्दछन् ।

यो विश्वव्यापी समस्या समाधानका लागि विश्वव्यापी रुपमा नै पहल गर्नका लागि वैज्ञानिक रुपमा अध्ययन गरी विश्वव्यापी रुपमा काइनवयन गर्ने अन्तर्राष्ट्रिय नीतिहरुको विकास गर्ने क्रम सन १९९० को दशकबाट सुरु भएको हो । यही पहलको परिणामस्वरुप जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि १९९२ र यस सम्बद्ध अभिसन्धि (प्रोटोकल) एवं विभिन्न सम्झौताहरुको हुदै आएका छन् (UNFCCC-2006) । जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न र जलवायु परिवर्तनका कारण सिर्जित जोखिमबाट बच्नका लागि स्थानीय समुदायले पनि आफ्ना परम्परागत ज्ञान, सिप र अभ्यासहरुको प्रयोग गर्दै आएका छन् । स्थानीय समुदायले गर्दै आएको वन व्यवस्थापन एवं वैकल्पिक ऊर्जाको अभ्यास निकै महत्वपूर्ण कार्यहरु हुन्- जसले जलवायु परिवर्तनका लागि मुख्य कारक मानिएको हरितगृह ग्यास उत्सर्जन कटौतीको लागि उल्लेखनीय योगदान गर्दै आएका छन् । यद्यपि, वन व्यवस्थापन र वैकल्पिक ऊर्जाको प्रयोग गर्ने स्थानीय समुदायले आफ्नो यस्तो योगदानको तुलनामा पाउनुपर्ने उत्प्रेरणा र सहयोग भने पर्याप्त रुपमा पाउन सकिरहेका छैनन् । त्यसैले यस्ता स्थानीय समुदायले जलवायु परिवर्तन र यसको मुख्य कारणको रुपमा रहेको हरितगृह ग्यास उत्सर्जन कटौतीको लागि पुऱ्याएको योगदानबापत न्यायोचित भुक्तानी पाउनुपर्ने कुरा नै जलवायु परिवर्तनका सन्दर्भमा विश्वव्यापी वार्ताको एउटा महत्वपूर्ण विषय बन्दै आएको छ । जलवायु परिवर्तनका सन्दर्भमा विश्वव्यापी रुपमा हुदै आएका पहल र आधारभूत सवालहरु निम्नअनुसार रहेको देखिन्छ-

**जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय नीतिहरुको विकासक्रम**

| विकासक्रम | महत्वपूर्ण व्यवस्था एवं उपलब्धिहरु | सवालहरु |
|---|---|---|
| सन १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनमा जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (UNFCCC) मा हस्ताक्षर ***महासन्धि लागू :*** १९९४ ***सदस्य राष्ट्रहरु:*** १९२ | **महासन्धिका आधारभूत सिद्धान्तहरु**<br>❖ वायुमण्डलमा हरितगृह ग्यासलाई प्रतिबद्धताअनुसार मात्रामा निश्चित समयभित्र स्थिर राख्ने ।<br>❖ जलवायु परिवर्तन सम्बन्धमा देशहरुको क्षमताअनुसार साझा तर पृथक् जिम्मेवारी निर्वाह गर्ने ।<br>❖ असमानुपातिक वा असामान्य बोझ बहनका लागि विकासोन्मुख देशहरुलाई विकसित देशहरुले सहयोग गर्ने<br>❖ महासन्धिको अनुसूची - १ र २ मा परेका विकसित राष्ट्रहरुले हरितगृह ग्यास उत्सर्जन घटाउने प्रतिबद्धता जाहेर गरेको । | यो महासन्धि एउटा प्रारुप महासन्धिमात्र भएकोले यसको कार्यान्वयनको लागि विभिन्न प्रोटोकल (अभिसन्धि) तर्जुमा गर्नुपर्ने, सम्झौताहरु गर्नुपर्ने र पक्ष राष्ट्रहरुको सम्मेलनबाट निर्णयहरु गर्दै जानुपर्ने हुन्छ । यद्यपि, महासन्धि कार्यान्वयनको लागि आवश्यक पर्ने सम्झौताहरु गर्ने कुरामा लामो समयदेखि विभिन्न विवादास्पद सवालमा वार्ताहरु हुँदै आएका छन् । |
| **क्योटो अभिसन्धि १९९७ लागू :** सन २००५**समाप्त :** सन २०१२**सदस्य राष्ट्र :** १८४ | ❖ अनुसूची-१ मा परेका ३७ वटा विकसित मुलुकहरु र युरोपेली समुदायले सन १९९० को तुलनामा सन २००८-२०१२ सम्ममा आफ्नो हरितगृह ग्यास उत्सर्जन कम्तीमा ५% कटौती गर्नुपर्ने ।<br>❖ हरितगृह ग्यास उत्सर्जन कटौतीका लागि (१) आन्तरिक उत्सर्जन व्यापार र कार्बन कर लगाउने, (२) बजारमुखी अर्थव्यवस्थामा जाँदै गरेका मुलुकहरुमा संयुक्त लगानी गर्ने र (३) स्वच्छ विकास संयन्त्र (CDM) का माध्यमबाट क्षतिपूर्तिको रुपमा विकासोन्मुख मुलुकमा निम्नअनुसार कार्बन व्यापार गर्ने:<br>- ऊर्जाका परम्परागत स्रोतहरुको विस्थापन गर्ने<br>- वृक्षरोपण र वनको पुनःस्थापना परियोजना सञ्चालन गर्ने । | क्योटो अभिसन्धि मुख्य रुपमा उत्सर्जन न्यूनीकरणसँग सम्बन्धित रहेको छ, यद्यपि, यस महासन्धिले पनि विश्वव्यापी रुपमा उत्सर्जन कटौती गर्ने सबै उपायहरुलाई समेटेको छैन । खासगरी यस क्योटो संरचनामा वृक्षरोपणबाहेक अन्य वनहरुका माध्यमबाट हुन सक्ने उत्सर्जन कटौतीको बारेमा केही व्यवस्था गरिएको छैन । त्यसैले रेडको अवधारणा आएको हो । अहिले यस अभिसन्धिलाई सन २०१२ पछि पनि संशोधन गरेर यथावत् राख्ने वा नयाँ अभिसन्धि ल्याउने भन्नेबारेमा निरन्तर वार्ताहरु भइरहेका छन् । |
| **अनुकूलन कोष*स्थापना :*** २००७***सञ्चालक :*** विश्व बैंक ***कोषको रकम पाउने मुलुक :*** | ❖ *महासन्धिको एउटा महत्वपूर्ण सिद्धान्त :* अनुकूलनका लागि पनि राष्ट्रहरुबीच आपसी सहयोग आदानप्रदान हुनु पर्दछ ।<br>❖ *अनुकूलन कोषको मुख्य उद्देश्य :* अनुकूलनका लागि अनुदान र सहयोग आदानप्रदान गर्नु ।<br>❖ *नैरवी कार्ययोजना (सन २००६) :* अति कम विकसित र साना टापु राष्ट्रमा जोखिमको लेखाजोखा गर्ने र अनुकूलनका लागि सहयोग उपलब्ध गराउने । | अनुकूलनको सञ्चालक विश्व बैंक हो र विकासोन्मुख देशहरुमा अनुकूलनका लागि आउने रकम GEF UNDP आदि हुँदै आउने र यस्तो रकम लिनका लागि निकै कठिनाइ हुने भएकोले जलवायु परिवर्तनसम्बन्धी वार्ताका क्रममा |

| विकासक्रम | महत्वपूर्ण व्यवस्था एवं उपलब्धिहरु | सवालहरु |
|---|---|---|
| अतिकम विकसित देशहरु | ❖ समुदायमा आधारित अनुकूलन योजनाहरुको निर्माण र कार्यान्वयन गर्नुपर्ने ।<br>❖ *राष्ट्रिय अनुकूलन कार्ययोजना* (NAPA) : सबै विकासोन्मुख अनुकूलनका लागि प्राथमिकता क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्ने योजना बनाउनुपर्ने ।<br>❖ समुदायमा आधारित अनुकूलन योजनाहरुको निर्माण र कार्यान्वयन गर्नुपर्ने । | विकासोन्मुख मुलुकहरुले यस्तो कोष परिचालन गर्ने छुट्टै निकाय र सरल प्रक्रिया हुनुपर्ने अडान राख्दै आएका छन् । |
| **बाली कार्ययोजना( २००७-२००९)** | जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धिको प्रभावकारी कार्वान्वयनका लागि आवश्यक पर्ने थप व्यवस्थाहरुका लागि वार्ता प्रक्रिया अगाडि बढाउन बनाइएको योजना नै बाली कार्ययोजना हो । यस योजनाअनुसार वार्ताका मुख्य विषयहरु निम्न अनुसार रहेका थिए :<br>❖ महासन्धि कार्यान्वयनका लागि दीर्घकालिन साझेदारी कार्यसम्बन्धी संरचना निर्माण गर्ने<br>❖ जलवायु परिवर्तन न्यूनीकरणका लागि स्पष्ट रुपमा समय र स्रोत किटान गर्ने ।<br>❖ अनुकलनका लागि आवश्यक स्रोत किटान गर्ने<br>❖ प्रविधि विकास एवं हस्तान्तरणसम्बन्धी स्पष्ट व्यवस्था गर्ने ।<br>❖ विकासोन्मुख देशहरुमा क्षमता अभिबृद्धिका रणनीतिहरु निर्माण गर्ने ।<br>❖ आर्थिक पक्ष (क्षतिपूर्ति, अनुदान, सहयोग, बजार /व्यापार) बारे नयाँ सम्झौताहरु तयार गर्ने । | बाली कार्ययोजनाअनुसार यी सबै विषयमा सन २००९ को अन्त्यमा कोपनहेगनमा आयोजना हुने पक्ष राष्ट्रहरुको १५औं सम्मेलनमा कानुनी रुपमा बाध्यात्मक सम्झौता हुनुपर्ने थियो, यद्यपि, यी विभिन्न विषयमा धनी मुलुक र विकासोन्मुख मुलुकबीच सहमति हुन सकेन । त्यसैले यी विषयहरुमा हाल पनि वार्ताहरु भइरहेका छन् । |
| **कोपनहेगन समझदारी २००९ *प्रस्तावक र हस्ताक्षरकर्ता मुलुकहरु :*** धनी मुलुकहरु र विकासोन्मुख मुलुकअन्तर्गतका ब्राजिल, चीन, भारत र दक्षिण अफ्रिका ***लागू हुने मिति :*** अनिश्चित | कोपनहेगनमा आयोजना भएको महासन्धिका पक्ष राष्ट्रहरुको १५औं सम्मेलनमा जलवायु परिवर्तनसम्बन्धी सबै वार्ताहरु सम्पन्न गरी एउटा कानुनी रुपमा बाध्यात्मक प्रकृतिको सम्झौता हुने अपेक्षा गरिएको भए पनि त्यस्तो सम्झौताको सट्टामा धनी मुलुकहरुबीच एउटा सामान्य समझदारी भयो । यस समझदारीमा भएका केही महत्वपूर्ण विषयहरु निम्नअनुसार रहेका छन्-<br>❖ धनी मुलुकहरु जलवायु परिवर्तनसम्बन्धी विषयमा सहयोग गर्नका लागि केही हदसम्म सहमत (सन २०२० सम्म प्रतिवर्ष १०० विलियन डलर सहयोग गर्न तयार)<br>❖ विश्वव्यापी तापक्रमलाई घटाउन सहमत | कोपनहेगन समझदारी एउटा विवादास्पद दस्तावेजको रुपमा रहेको छ- जसमा सहमति जनाउन ब्राजिल, चीन, भारत र दक्षिण अफ्रिकाबाहेक अरु विकासोन्मुख मुलुकहरु अनइच्छुक छन् । त्यसैले यो समझदारीको सट्टामा नयाँ र न्यायोचित एवं कानुनी रुपमा बाध्यात्मक किसिमको सम्झौता हुनुपर्ने अडानहरु कायमै रहेका छन् । |

स्रोत : UNFCCC, 2006; Kyoto Protocal 1997; Decision 2/CP.15 (Copenhagen Accord); http://unfccc.int

## रेडको अवधारणा

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिअन्तर्गत बनाइएको क्योटो प्रोटोकलको दायराभित्र जलवायु परिवर्तनको कारक तत्वको रुपमा रहेका हरितगृह ग्यास उत्सर्जनका सबै स्रोतलाई समेटिएको छैन । हरितगृह ग्यास उत्सर्जनका लागि मुख्य स्रोतको रुपमा रहेका ऊर्जा, यातायात, उद्योग, कृषि, वन विनाश, भवन र प्रदूषणमध्ये वन विनाश र कृषिलाई क्योटो प्रोटोकलमा समेटिएको छैन । यद्यपि, जलवायु परिवर्तनसम्बन्धी अन्तर्सरकारी समूहले गरेको पछिल्लो अध्ययनअनुसार विश्वव्यापी रुपमा वन विनाशबाट १७.४ र कृषिसम्बन्धी भू-उपयोगबाट १३.५ प्रतिशत हरितगृह ग्यास उत्सर्जन हुन्छ (IPCC, 2007)। त्यसैले यी स्रोतलाई पनि जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि वा प्रोटोकल वा अन्य कुनै सम्झौताको दायराभित्र ल्याउनुपर्छ भन्ने अवधारणा तथा मागले प्राथमिकता पाइरहेको छ ।

***कुन क्षेत्रबाट कति हरितगृह ग्यास उत्सर्जन हुन्छ ?***

| | |
|---|---|
| प्रदूषण र फोहर पानी विसर्जन | २ = ८ |
| ऊर्जा आपूर्ति | २५= ५ |
| यातायात | १३ = १ |
| आवासीय तथा व्यापारिक भवन | ७ = ९ |
| उद्योग | १९ = ४ |
| कृषि | १३ = ५ |
| वन विनाश | १७ = ४ |

स्रोतः जलवायु परिवर्तनसम्बन्धी अन्तर्सरकारी समूह (IPCC) को चौंथो मूल्याङ्कन प्रतिवेदन, सन २००७

वन विनाश नियन्त्रण गरी वा हैसियत बिग्रिएको वनको गुणस्तर अभिबृद्धि गरी कार्बन उत्सर्जन न्यूनीकरण गर्ने वा गर्न चाहने राष्ट्रलाई अधिक कार्बन उत्सर्जन गर्ने राष्ट्रहरुले क्षतिपूर्तिको रुपमा भुक्तानी वा आर्थिकलगायतका सहयोग उपलब्ध गराउनुपर्छ भन्ने नै रेडको आधारभूत अवधारणा हो (CIFOR, 2009)। वन विनाश नियन्त्रणका लागि विगतमा भएका विश्वव्यापी प्रयासहरु असफल भए । यद्यपि, रेड संरचनाको माध्यमबाट विकासोन्मुख मुलुकमा वन विनाश नियन्त्रणका लागि गरिने प्रयासले फड्को मार्न सक्ने परिकल्पना गरिएको छ ।

रेडको मुख्य उद्देश्य वन विनाश तथा वनको गुणस्तर घट्नाको कारणले हुन जाने कार्बन उत्सर्जन न्यूनीकरण गर्नु हो । सन २००७ मा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरुको बालीमा सम्पन्न १३औं सम्मेलनद्वारा पारित बाली कार्ययोजनाअनुसार जलवायु परिवर्तन न्यूनीकरणको लागि अवलम्बन गरिने बृहद् अवधारणाभित्र निम्न विषयहरु समेटिनुपर्ने कुरा उल्लेख गरिएको छ-

- विकासोन्मुख देशहरुमा वन विनाश तथा वनको गुणस्तर घटी कार्बन उत्सर्जन हुने कार्य नियन्त्रणका लागि नीतिगत अवधारणा र सकारात्मक उत्प्रेरणा प्रदान गर्ने र
- विकासोन्मुख देशहरुमा वन संरक्षण, दिगो वन व्यवस्थापन र वन कार्बन सञ्चितिको अभिबृद्धि गर्ने ।

रेडको अवधारणालाई जलवायु परिवर्तनसम्बन्धी बृहद् अवधारणा र अन्तर्राष्ट्रिय कानुनमा समेटिने विषयमा भइरहेका पछिल्ला वार्ताहरु र अगाडि सारिएका सरकारी तथा गैर सरकारी प्रस्तावहरुमा रेडको संरचनाभित्र बाली कार्ययोजनामा उल्लेख गरिएका कुराहरुको अतिरिक्त विकासोन्मुख मुलुकको गरिबी न्यूनीकरण, वन स्रोतमाथिको आदिवासी एवं स्थानीय समुदायको अधिकार, जैविक विविधताको संरक्षण र वातावरणीय सेवाको दिगोपनजस्ता विषयहरु पनि समेटिनुपर्छ भन्ने मान्यताले प्रश्रय पाउदै आएको छ । यसरी रेडको अवधारणा र उद्देश्यभित्र वन विनाश नियन्त्रण गर्ने कुरामात्र नभई विद्यमान वनको हैसियत अभिबृद्धिका लागि भइरहेका प्रयासहरुलाई पनि उत्प्रेरणाका लागि मान्यता प्रदान गरिनुपर्छ भन्ने कुरासमेत समेट्नुपर्ने हुन्छ ।

## अन्तर्राष्ट्रिय तहमा रेडको नीतिगत विकासक्रम

जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धिका पक्ष राष्ट्रहरुको सन २००५ मा मन्ट्रियलमा बसेको ११औं सम्मेलनमा विभिन्न ८ वटा विकासोन्मुख देशहरुको समर्थनमा पपुवान्युगिनी र कोस्टारिकाले रेडलाई पनि जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दायराभित्र ल्याइनुपर्छ भनी प्रस्ताव अगाडि ल्यायो । त्यसपछि मात्र जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्ष राष्ट्रहरुको सम्मेलनले यस विषयमा छलफल गरी आवश्यक संरचना निर्धारण गर्ने निर्णय गऱ्यो । यस निर्णयलाई साकार रुप दिनको लागि महासन्धिका पक्ष राष्ट्रहरुको सन २००७ मा सम्पन्न बाली सम्मेलनले सन २०१२ पछि रेडलाई पनि महासन्धिको संरचनाभित्र ल्याउनको लागि सन २००९ सम्ममा एउटा ढाँचाको विकास गर्ने मार्गचित्र (बाली रोडम्याप) तय गरेको थियो । यही रोडम्यापका आधारमा महासन्धिअन्तर्गत रहेका विभिन्न अङ्गहरुले रेडको दायरा, रेड कार्यान्वयन हुने तहहरु, रेडका लागि उपलब्ध हुनुपर्ने आर्थिक सहयोग र भुक्तानी प्रणाली, प्रविधि हस्तान्तरण एवं क्षमता विकास र अनुगमन, प्रतिवेदन एवं प्रमाणीकरणजस्ता कार्यविधिगत विषयमा पक्ष राष्ट्रहरुको सम्मेलनसमक्ष ठोस सुझावहरु प्रस्तुत गर्नका लागि निरन्तर रुपमा कार्य गरिरहेका छन् । यी विभिन्न विषयमा के कस्तो व्यवस्थाहरु हुनुपर्छ भन्ने विषयमा विभिन्न राष्ट्रहरु र रेडका विषयमा कार्यरत तथा चासो राख्ने विभिन्न संस्थाहरुले महासन्धिका सम्मेलनहरुमा आ-आफ्नै हितअनुकुलका प्रस्तावहरु प्रस्तुत गर्दै आएका छन् । यी प्रस्तावहरुका बीचमा मतैक्य नभएकाले विभिन्न तहमा निरन्तर छलफल तथा वार्ताहरु जारी छन् । यस क्रममा भएका मुख्य घटनाक्रमहरुको विवरण निम्नअनुसार रहेको छ-

**रेडको नीतिगत विकासक्रम**

| मिति | उपलब्धिहरु |
|---|---|
| सन २००५ | जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका पक्ष राष्ट्रहरुको ११औं सम्मेलनमा पपुवान्युगिनी र कोस्टारिकाले रेडलाई पक्ष राष्ट्रको सम्मेलनमा छलफलको विषय बनाइनुपर्ने प्रस्ताव दर्ता । |
| सन २००६ | बेलायत सरकारको पहलमा तयार भएको जलवायु परिवर्तनको आर्थिक पक्षसम्बन्धी स्टर्न प्रतिवेदनले विकासोन्मुख देशहरुमा भइरहेको वन विनाश र वनक्षयका कारण कूल हरितगृह ग्यास उत्सर्जनको झन्डै २० प्रतिशत हिस्सा ओगटेको कुरा प्रकाशमा ल्याएपछि रेडले विश्वव्यापी महत्व पाएको । |
| सन २००७ | ❖ महासन्धिको वैज्ञानिक र प्राविधिक परामर्शसम्बन्धी सहायक निकायले रेडका लागि आवश्यक रणनीति र विधिको विकास गर्नका लागि यसको विकल्प तथा प्राविधिक पक्ष अध्ययन गरी विभिन्न सेसनमा प्रस्तुत, ८ देशको समर्थन ।<br>❖ महासन्धिका पक्ष राष्ट्रहरुको बालीमा सम्पन्न १३औं सम्मेलनमा रेडका लागि आवश्यक पर्ने नीति र विधिबारे वार्ता प्रक्रिया आरम्भ गर्ने र पक्ष राष्ट्रहरुले आफ्ना सरोकारहरुलाई अगाडि ल्याउने निर्णय ।<br>❖ विश्व बैंकद्वारा विकासोन्मुख देशहरुमा रेडको तयारी र क्षमता अभिबृद्धिको लागि वन कार्बन साझेदारी सहयोग (FCPF) कार्यक्रम लागू । त्यस्तै संयुक्त राष्ट्रसंघद्वारा पनि विकासोन्मुख देशहरुमा रेडको तयारी र क्षमता अभिबृद्धिका लागि सहयोग गर्ने कार्यक्रम (UN-REDD) लागू । |

| मिति | उपलब्धिहरु |
|---|---|
| सन २००८ | - नर्वे, बेलायत, जर्मनीजस्ता धनी देशले विकासोन्मुख देशमा वन विनाश र वनक्षय रोक्नका लागि रेडको तयारी गर्न आवश्यक धनराशि उपलब्ध गराउने घोषणा ।<br>- विभिन्न विकासोन्मुख देशहरुमा वन कार्बन कोषहरुको स्थापनाको सुरुआत । जस्तै : अफ्रिकाको कङ्गो बेसिन वन कोष, ब्राजिलको वन कोष आदि ।<br>- वन क्षेत्रसम्बन्धी प्रायः सबै अन्तर्राष्ट्रिय संस्थाहरुले रेडको भावी संरचनाबारे विभिन्न स्तरमा छलफल र अवधारणाहरुको विकास ।<br>- प्रायः सबै विकासोन्मुख मुलुकहरुमा रेडको लागि तयारी चरणको सुरुआत ।<br>- महासन्धिअन्तर्गतका विभिन्न निकायहरुद्वारा रेड संरचनाको विकासका लागि कैयौं सेसनहरुको आयोजना र पक्ष राष्ट्रहरुको पोल्यान्डमा सम्पन्न १४औं सम्मेलनपश्चात् रेडको वार्ता प्रक्रियाले तीव्रता लिएको । |
| सन २००९ | - कोपनहेगनमा सम्पन्न पक्ष राष्ट्रहरुको १५औं सम्मेलनमा सन २०१२ देखि लागू हुनेगरी रेड समेत जलवायु परिवर्तनका विभिन्न पक्षमा थप कानुनी व्यवस्थाका लागि सम्झौता हुने अपेक्षा गरिएको । तर खासगरी विकसित देशहरुले विकासोन्मुख देशहरुलाई उपलब्ध गराउनुपर्ने रकमको किटानी र विश्वव्यापी तापक्रमलाई कति डिग्री सेल्सियसमा स्थिर राख्ने भन्ने विषयमा सहमति हुन नसकेकोले कुनै बाध्यात्मक कानुनी सम्झौता हुन नसकी विवादास्पद र सामान्य राजनीतिक सहमति भएको ।<br>- कानुनी सम्झौताका लागि अन्य विषयको तुलनामा रेडको मस्यौदामा धेरै कुरा टुङ्गो लागिसकेको भए पनि रेडका लागि उपलब्ध हुनुपर्ने रकम, रेडको मापन, प्रतिवेदन तथा प्रमाणीकरण विधि र उत्सर्जन न्यूनीकरण कार्यसम्बन्धी राष्ट्रिय रुपमा उपयुक्त योजनासँग रेडको अन्तर्सम्बन्धजस्ता विषयमा निर्णय हुन बाँकी रहेको । |
| सन २०१० | महासन्धिका पक्ष राष्ट्रहरुको मेक्सिकोमा आयोजना हुने १६औं सम्मेलनबाट रेड लगायत जलवायु परिवर्तनका सबै पक्षमा महासन्धि कार्यान्वयन गर्ने बाध्यात्मक किसिमको कानुनी सम्झौता हुने अपेक्षा । |

स्रोत : CIFOR, 2009; GCF, 2009; redd_webplatform@unfccc.int

## रेडमा अधिकार सुरक्षाका सिद्धान्तहरु

रेडमा खासगरी आदिवासी एवं स्थानीय समुदायको अधिकार सुरक्षासम्बन्धी स्पष्ट व्यवस्थाहरु हुनुपर्छ भन्नेबारेमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा निरन्तर अभियानहरु चलिरहेका छन् । यसैको परिणामस्वरुप जलवायु परिवर्तनसम्बन्धी प्रारुप महासन्धिका पक्ष राष्ट्रहरुको कोपनहेगनमा सम्पन्न १५औं सम्मेलनद्वारा पारित रेडको मस्यौदा निर्णयअनुसार रेडमा अधिकार सुरक्षाका लागि निम्न सिद्धान्तहरु अवलम्बन हुनेछन् भन्ने कुरा उल्लेख गरिएको छ-

१. रेडसम्बन्धी कार्यक्रम राष्ट्रको वनसम्बन्धी कार्यक्रमको उद्देश्यहरु र यससम्बद्ध अन्तर्राष्ट्रिय महासन्धि एवं सम्झौताहरुसँग परिपूरक र अन्तर्सम्बन्धित हुनेछ ।

२. रेड कार्यक्रममा राष्ट्रिय सार्वभौमसत्ता र राष्ट्रिय कानुनहरुलाई मध्यनजर राख्दै पारदर्शिता र वन सुशासनलाई प्रभावकारी रुपमा प्रबर्द्धन गरिनेछ ।

३. संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा अङ्गीकार गरिएको आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा, राष्ट्रिय परिवेश एवं कानुनहरु

र सम्बद्ध अन्तर्राष्ट्रिय दायित्वहरुलाई मध्यनजर राख्दै आदिवासी जनता र स्थानीय समुदायका सदस्यहरुको अधिकार र ज्ञानको सम्मान गर्ने कार्यलाई प्रबर्द्धन एवं सहयोग गरिनेछ।

४. रेड अन्तर्गतका कार्यक्रमहरु सञ्चालन, रेडसम्बन्धी राष्ट्रिय रणनीति निर्माण, वनसम्बन्धी आधारविन्दुहरुको तय र रेडको अनुगमन प्रणालीको विकास गर्दा खासगरी आदिवासी एवं स्थानीय समुदाय र सम्बद्ध सरोकारवालाहरुको पूर्ण र प्रभावकारी सहभागितालाई प्रवर्द्धन गरिनेछ।

५. रेड लागू गर्दा र राष्ट्रको वन तथा जैविक विविधता संरक्षणसम्बन्धी कार्य गर्दा प्राकृतिक वनलाई अन्य प्रयोजनमा रुपान्तरण नगरिने कुराको सुनिश्चितता गरिनेछ र रेडसम्बन्धी कार्यक्रममा राष्ट्रको वन र यसका पारिस्थितिक प्रणालीहरुको संरक्षणका साथै अन्य वातावरणीय र सामाजिक फाइदाहरुको प्रबर्द्धन तथा अभिबृद्धि गरिने छ।

६. वन विनाशको पुनरावृत्तिहरु हुने खतरालाई सम्बोधन गर्ने कार्यहरुलाई प्रबर्द्धन गरिनेछ।

७. उत्सर्जन स्थानान्तरण गरिने कार्यहरुलाई न्यून गरिनेछ।

जलवायु परिवर्तनसम्बन्धी वार्ताका कतिपय विषयहरुमा हालसम्म पनि स्पष्ट सहमतिहरु हुन सकेका छैनन्। त्यसैले पक्ष राष्ट्रहरुको मस्यौदा निर्णयमा उल्लेख गरिएका कुराहरु अन्तिम सम्झौतामा किटान हुन्छन् नै भन्न सकिदैन। त्यसैले, रेडमा अधिकार सुरक्षाका सिद्धान्तहरुको सुनिश्चितताका लागि खासगरी आदिवासी एवं स्थानीय समुदाय निरन्तर रुपमा सचेत भइरहनुपर्ने अवस्था सिर्जना भएको छ।

## विश्वव्यापी वार्ताका विद्यमान सवालहरु

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धिमा हस्ताक्षर भएको लगभग १८ वर्ष भइसक्दा पनि यो महासन्धि कार्यान्वयनका लागि थप स्पष्ट सम्झौताहरु हुन सकेका छैनन्। सम्झौता गर्ने वार्ताका क्रममा विभिन्न सवालहरु सिर्जना भएका छन्। वार्ताका लागि तयार भएका पछिल्लो मस्यौदाअनुसार जलवायु परिवर्तनका सम्बन्धमा सहमति कायम हुन नसकेका आधारभूत सवालहरु निम्नअनुसार रहेको देखिन्छ (UNFCCC / AWGLCA / 2010/8)।

- विश्वव्यापी औसत तापक्रम कति डिग्री सेल्सियस ($1^0c$, $1.5^0c$, $2^0c$) मा स्थिर राख्ने ?
- सन १९९० को तुलनामा सन २०५० सम्ममा विश्वव्यापी उत्सर्जन कति प्रतिशत (५०, ८५, ९५) कटौती गर्ने ?
- सन १९९० को तुलनामा सन २०५० सम्ममा विकसित मुलुकहरुले कति प्रतिशत उत्सर्जन (७५-८५ वा ८०-९५ वा ९० प्रतिशतभन्दा बढी) कटौती गर्ने ?
- जलवायु परिवर्तन अनुकूलनका लागि विकसित देशहरुले आफ्नो कूल गार्हस्थ्य उत्पादनको कति प्रतिशत रकम वा न्यूनतम कति रकम छुट्याउने ? (कोपनहेगन प्रस्ताव : सन २०२० सम्म वार्षिक १०० विलियन डलर)
- कोष परिचालन र भुक्तानी प्रणालीका लागि विद्यमान संरचना नै उपयुक्त छ कि नया संरचना बनाउने ?
- जलवायुसम्बद्ध प्रविधिमाथिको बौद्धिक सम्पत्तिको अधिकार कसमा हुने ?
- उत्सर्जन कटौतीसम्बन्धी राष्ट्रिय कार्ययोजनालाई बाध्यात्मक बनाउने वा स्वयंसेवी बनाउने ?
- वन विनाश र वन क्षयका कारण हुने कार्बन उत्सर्जन कटौतीका लागि कुनै निश्चित समय र प्रतिशत तोक्ने वा नतोक्ने र तोक्ने भए कसले, कहिलेसम्मका लागि कति प्रतिशत तोक्ने ?
- उत्सर्जन कटौतीका लागि बजारीकरण वा अनुदानमा आधारित पद्धत्तिमध्ये कुन पद्धतिको छनौट गर्ने ?

यी विषयहरुमा धनी मुलुकहरु र विकासोन्मुख मुलुकहरुबीच समझदारी भएपछि मात्र जलवायु परिवर्तनसम्बन्धी कानुनी रुपमा बाध्यात्मक प्रकृतिको सम्झौता हुन सक्ने देखिन्छ । रेड जलवायु परिवर्तनको समग्र विषयअन्तर्गत न्यूनीकरणतर्फको एउटा माध्यममात्र भएकोले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय समग्र नीतिको विकासक्रमबाट अलग्याएर हेर्न कठिनाइ हुन्छ । त्यसैले रेडको भविष्य पनि समग्र रुपमा विकास हुने जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय नीतिको विकासमा भर पर्दछ । यद्यपि, अन्य विषयको तुलनामा रेडको नीतिगत विकासक्रमले केही तीव्रता लिएकोले यसको कार्यान्वयन प्रक्रियामा खासगरी आदिवासी एवं स्थानीय समुदायले आफ्नो अधिकार र दायित्वलाई स्थापना गर्नका लागि चनाखो हुनु आवश्यक छ ।

## सन्दर्भ सामग्रीहरु


CIFOR, (2009), Realizing REDD, CIFOR, Indonesia

Global Canopy Foundation (2009), The Little REDD Book, www.globalcanopy.org

IPCC, (2007), 4th Assessment Report of Intergovernmental Pannel on Climate change, Bonn, Germany

UNFCCC, (2006), United Nation Framework Converntion on Climate Change; Handbook Bonn, Germany

UNFCCC, (2009), Fact sheet: Climate change science, UNFCCC, June, 2009

UNFCCC, (1997), Kyoto Protocal 1997, Bonn, Germany

UNFCCC (20090), Report of the Conference of the Parties on its fifteenth session, held in Copenhagen from 7 to 19 December 2009

redd_webplatform@unfccc.int

http://unfccc.int


●●●

* *खनाल वन नीति तथा कानुनका क्षेत्रमा फेकोफनमा लामो समय देखि कार्यरत हुनुहुन्छ ।*